# नेपाल राष्ट्र बैंक

## सामान्य सेवा विभाग, केन्द्रीय कार्यालय,

## नेपाल राष्ट्र बैंक, बालुवाटार परिसरको उत्तरतर्फको २ तले भवनमा विद्युतीकरणका लागि मेनलाइनको केबल जडान गर्ने सम्बन्धी कार्यको सिलबन्दी बोलपत्र आह्वानको सूचना

बोलपत्र नं.: GSD/Installation of Mainline Cable for Electrification/05/073/74

(दोश्रो पटक प्रकाशित मिति : २०७४/०१/२० गते)

नेपाल राष्ट्र बैंक, बालुवाटार परिसरको उत्तरतर्फको २ तले भवनमा विद्युतीकरणका लागि मेनलाइनको केबल जडान गर्ने कार्य सिलवन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुँदा उक्त कार्य गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. दोश्रो पटक सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिन (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) को अपराह्न १:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, निर्माण फाँट, बालुवाटार र बैंकिंग कार्यालय, थापाथलीबाट पछि फिर्ता नहुने गरी बोलपत्र फारम रु. ५,०००।- (अक्षरेपि पाँच हजार मात्र) तिरी खरिद गर्न सकिनेछ।

२. बोलपत्र फारम खरिद गर्न आउँदा सम्बन्धित फर्म/कम्पनीले आधिकारिक निवेदन पेश गर्नुपर्नेछ।

३. दोश्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) को १२:०० बजेभित्र यस विभागमा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ । पेश हुन आएका बोलपत्रहरु सोही दिन दिउसो १२:३० बजे बोलपत्रदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधिको उपस्थितिमा नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटारमा खोलिने छ। तर बोलपत्रदाता वा निजको अख्तियार प्राप्त प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. बोलपत्रदाताले नेपाल राष्ट्र बैंक, खरिद विनियमावली, २०७१ (प्रथम संशोधन) को विनियम ५२ को उप-विनियम (१) बमोजिम बोलपत्र जमानत (विडबण्ड) वापत रु. १,६६,०००।- (अक्षरेपि एक लाख छैसठ्ठी हजार मात्र) यस बैंकको बैंकिङ्ग कार्यालय, थापाथली स्थित खाता.नं.११०९९०१/०११.०००.५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्य अवधि भएको यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारि गरिएको बैंक जमानत पत्र संलग्न गर्नु पर्नेछ। बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले ९० (नब्बे) दिनको हुनेछ। यस विद्युतीकरण कार्यको लागत अनुमान रु. ५५,१९,४५६।६० रहेको छ।

५. बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नुपर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ। रीत नपुगेको वा म्याद भित्र प्राप्त नभएको वा झुटा विवरण पेश गरेको देखिन आएमा यसरी पेश भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

६. यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, निर्माण फाँट, बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्रसम्वन्धी सूचना यस बैंकको वेभसाईट www.nrb.org.np मा पनि हेर्न सकिने छ।